तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिताकोट जुम्ला

## तातोपानी गाउँपालिकाका अध्यक्ष श्री नन्द प्रसाद चौलागाई ज्युको नेतृत्वमा २०७९ जेष्ठ देखि २०८० बैशाख मसान्त (एक बर्ष) सम्मको अवधिमा भएका उत्कृष्ट कामहरुको संक्षिप्त झलक

















## तातोपानी गाउँपालिकाको संक्षिप्त परिचय:

**भौगोलिक अवस्थिति:** २८°५८' देखि २९°३०' उत्तरी अंक्षाश सम्म ८१°५१' देखि ८२°३५' पूर्वी देशान्तर सम्म

**गाउँपालिकाको कुल क्षेत्रफल:** ५२५.५१ वर्ग कि.मि.

**वडा संख्या:** ८

| ***सिमाना*** | ***जनसंख्या*** |
|---|---|
| **पूर्व:** चन्दननाथ नगरपालिका | **महिला:** ७८७६ |
| **पश्चिम:** तिला गाउँपालिका | **पुरुष:** ७६९९ |
| **उत्तर:** सिंजा गाउँपालिका | **जम्मा:** १५५७५ |
| **दक्षिण:** जाजरकोट जिल्ला | **परिवार संख्या:** ३३१८ |




**परिवारको औषत आकार:** ४.६९

**लैङ्गिक अनुपात:** ९७.७५

**वार्षिक जनसंख्या वृद्धिदर:** ०.६०

**जनघनत्व:** ३० जना प्रति वर्गमिटर

**साक्षरता दर:** ७०.२७ (**महिला:** ६२.७२% **पुरुष:** ७८.४०%)

## *प्रारम्भिक:*

नेपालको संविधान २०७२ ले राज्य संचालनका लागि तिन तहको सरकारको परिकल्पना गरे संगै सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहले आ-आफ्नो क्षेत्राधिकार प्रयोग गरि सत्ता संचालन गरिराखेका छन् । जनताको सबैभन्दा नजिकको सरकार नै स्थानीय तह हो । नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ र अन्य कानूनको अधिन मा रहि सोहि कानूनले दिएका अधिकार प्रयोग गरि विभिन्न क्षेत्रमा विकासका कामहरु संचालन गर्दै आईरहेको छ । जुम्ला जिल्लाका एक नगरपालिका सहित ८ वटा स्थानीय तह मध्य तातोपानी गाउँपालिका पनि एक हो । ऐतिहासिक महत्व बोकेको, धार्मिक एंव पर्यटकिय संभावना रहेको तथा प्रचुर प्राकृतिक स्रोत र सम्पदाले भरिपुर्ण पालिका समृद्धिको यात्रामा दौडने जमर्को गर्दैछ । गत बर्ष बैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचन पश्चात नवनिर्वाचित जनप्रतिनिधि आगमन संगै सामाजिक, आर्थिक, पूर्वाधार विकास लगायत अन्य विपद् तथा संस्थागत सुशासनका क्षेत्रमा गाउँपालिकाले सक्रियता बढाउदं लगेको छ । गाउँपालिका अध्यक्ष श्री नन्द प्रसाद चौलागाई ज्यूको नेतृत्वमा उपाध्यक्ष श्री रेवती रावल, प्रमुख प्रशासकीय अधिकृत श्री तीर्थ बहादुर कठायत लगायत जन निर्वाचित प्रतिनिधि र कर्मचारीहरुको सक्रियतामा गाउँपालिकाले केहि नमूना कामहरु गर्दै आएको छ । ***प्राकृतिक स्रोत र सम्पदाको खानी, सुखी र समृद्ध, हाम्रो तातोपानी*** भन्ने मुल नाराका साथ शिक्षा, स्वास्थ्य र कृषिलाई प्रथामिकतामा राखेर पालिकाले चालु आ.व. मा बजेट, नीति तथा कार्यक्रम ल्याएको थियो । सोहि कार्यक्रमा पालिकाने बैशाख मसान्त भित्र पालिका बाट संचालित वित्तिय समानिकरण अनुदान अन्तर्गतका योजनाहरु सम्पन्न गर्ने लक्ष्य राखेकोमा हालसम्म ९३ प्रतिशत योजनाको कार्य सम्पन्न र ८१.६७ प्रतिशत योजनाको अन्तिम भुक्तानी दिन सफल भएको छ । योजना कार्यान्वय अवधिमा देखिएका चुनौतिका कारण लक्ष्य भेट्न नसकेपनि वैशाख मसान्त भित्रै ८१.६७ प्रतिशत योजनाको भुक्तानी दिने जिल्लाकै पहिलो पालिका बनेको छ । यो बाहेक एक वर्षको अवधिमा गाउँपालिकाले गरेका केहि उत्कृष्ट कामहरुको मात्र यहाँ उल्लेख गरिएको छ ।

## चालु आ व को आय तर्फको बजेट:

| क्र.स. | शिर्षक | रकम |
|---|---|---|
| १ | आन्तरिक स्रोत | ११ करोड ४२ लाख ९९ हजार ९ सय १ |
| | सङ्घीय सरकार बाट प्राप्त अनुदान रकम | |
| १ | समानिकरण अनुदान | ११ करोड १२ लाख |
| २ | शसर्त चालु अनुदान | १५ करोड ३६ लाख ३३ हजार |
| ३ | शसर्त पुजिगत अनुदान | ५ करोड २६ लाख ५० हजार |
| ४ | समपुरक अनुदान | ५० लाख |
| ५ | विशेष अनुदान | २ करोड १० लाख |
| ६ | राजश्व बाँडफाड | ९ करोड ३९ लाख ७४ हजार |
| **जम्मा** | | **४३ करोड ७४ लाख ५७ हजार** |
| | प्रदेश सरकार बाट प्राप्त अनुदान रकम | |
| १ | समानिकरण अनुदान | १ करोड १२ लाख ४९ हजार |
| २ | शसर्त अनुदान | ३ करोड १८ लाख ५० हजार |
| ३ | समपुरक अनुदान | १ करोड ५ लाख ५६ हजार |
| ४ | विशेष अनुदान | ६० लाख |
| ५ | राजश्व बाँडफाड | ३ लाख |
| **जम्मा** | | **५ करोड ९९ लाख ५५ हजार** |
| ***कुल जम्मा*** | | ***६१ करोड १७ लाख ११ हजार ९ सय ०१*** |
| १ | गैर सरकारी संस्था | १ करोड ६६ लाख ३० हजार ३ सय ४३ |

### *एकमुष्ठ बजेट विवरण*


| क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ३४,२४,७८,६७६ | १९,७८,२७,२०७ | ५७.७६% |
| पुजिगत | २६,९२,३३,२२५ | १०,४९,८४,३७४.८२ | ३८.९९% |
| **जम्मा** | **६१,१७,११,९०१** | **३०,२८,११,५८१.८२** | **४९.५%** |

### *विषयगत क्षेत्र अनुसार बजेट तथा खर्च विवरण*

| क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ६,४१,३२,७२५ | ३,२१,४७,२८१ | ५०.१३% |
| सामाजिक विकास | २४,३३,४९,५०० | १३,५४,२३,१६२ | ५५.६५% |
| पूर्वाधार विकास | १४,७२,४४,५०० | ५,१६,७५,५५२.८२ | ३५.१०% |
| वन वातावरण तथा विपद व्यवस्थापन | २,२५,५७,००० | १,५३,४७,६६३ | ६८.०४% |
| शुसासन तथा संस्थागत विकास | १३,४४,२८,१७६ | ६,८२,१७,९२३ | ५०.७५% |

## १. कार्यसम्पादन सम्झौता

स्थानीय तहको निर्वाचन पश्चात विजयी भई तातोपानी गाउँपालिकाको अध्यक्षको रुपमा श्री नन्द प्रसाद चौलागाईले पदभार ग्रहण गरिसकेपछि उहाँको नेतृत्वले पहिलो काम कार्यालय प्रमुख संग कार्यसम्पादन सम्झौता गर्ने काम भएको थियो । गाउँपालिका कार्यालयको आर्थिक एंव भौतिक प्रगतिमा वृद्धि गर्ने, नीतिगत तथा संस्थागत सुधार गर्ने र कर्मचारीहरुलाई आफ्नो जिम्मेवारी र कर्तव्यप्रति निष्ठानवान बनाई कार्यालयको समग्र पक्षको प्रगति हाँसिल गर्ने उदेश्यले अध्यक्ष श्री नन्द प्रसाद चौलागाईले तत्कालिन प्रमुख प्रशासकीय अधिकृत श्री मिलन बुढ्थापा र प्रमुख प्रशासकीय अधिकृतले सम्पुर्ण विषयगत शाखाका शाखा प्रमुख संग २०७९ असाढ ८ गते कार्यसम्पादन सम्झौता गरिएको थियो। त्यसैगरि नयाँ प्रमुख प्रशासकीय श्री तीर्थ बहादुर कठायत कार्यालयमा हाजिर भए लगत्तै शाखा प्रमुख संग कार्य सम्पादन सम्झौता २०७९ पौष १३ गते कार्य सम्पादन सम्झौता गरिएको हो। उक्त कार्यसम्पादन सम्झौता पत्रमा अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरुले हस्ताक्षर गरि सम्झौता पत्र आदन प्रदान गरिएको थियो। कार्यसम्पादन सम्झौता मुलतः लक्ष्य र सूचकमा आधारित रहि तोकिएको समयसिमा भित्र कार्य सम्पादन गर्ने गरि कार्यालय प्रमुख लगायत सम्पुर्ण कर्मचारीहरलाई जिम्मेवार बनाई समयमै विकास लक्ष्य हाँसिल गर्ने गरि कार्यसम्पादन सम्झौता गरिएको थियो । जसमा कार्यसम्पादन सम्झौता बमोजिम कर्मचारीहरुले दिईएको जिम्मेवारी पुरा गरि कार्यान्वयनमा आएकाले कार्यसम्पादन सम्झौता सफल भएको देखिन्छ ।


तातोपानी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
तातोपानी जुम्ला
कर्णाली प्रदेश ,नेपाल

कार्य सम्पादन सम्झौता

## २. योजना सम्झौता र अन्तिम भुक्तानी

तातोपानी गाउँपालिकाले वित्तिय समानिकरण अनुदान अन्तर्गत संचालन हुने चालु तथा पुँजिगत योजनाहरुको प्राविधिक सर्भे साउन भाद्र महिना भित्र, योजना सम्झौता माघ मसान्त र अन्तिम भुक्तानी बैशाख मसान्त भित्र गर्ने गरि आर्थिक वर्ष २०७९।८० को बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गरेको थियो। जस अन्तर्गत साउन र भाद्र महिना भित्र करिब ८० प्रतिशत योजनाको सर्भे र माघ मसान्त भित्र ९० प्रतिशत योजना सम्झौता कार्य सम्बन्धित ८ वटै वडा कार्यालयमा गएर सम्पन्न गरिएको थियो। यस नीतिको मुख्य उदेश्य नै पुँजीगत खर्च बढाउने र *असारे विकासको* अन्त्य गरि योजनाहरुको काममा परिमाण सहितको गुणस्तर कायम राख्नु रहेको छ । बैशाख मसान्त भित्र भुक्तानी गरिसक्ने लक्ष्यका साथ काम थालेको गाउँपालिकाले हाल सम्म ८१.६७ प्रतिशत भुक्तानी दिन सफल भएको छ। वित्तिय समानिकरण अन्तर्गतका चालु र पुजिगत तर्फ ८ वटै वडामा १३१ वटा योजना संचालन भएका मध्य १०७ वटा योजनाहरुको अन्तिम भुक्तानी गर्न सफल भएको छ। शत प्रतिशत भुक्तानी दिने लक्ष्य राखिए पनि बाह्य सामाग्री स्थानीय बजारमा अभाव हुनु, उपभोक्ता स्वय सक्रिय नहुनु, विकट वस्तिका कारण बाह्य सामाग्री ढुवानीमा समस्या लगायतका कारणले सतप्रतिशत भुक्तानी दिन नसकिएको हो । आगामि आर्थिक बर्षमा यस प्रकारका कमिकमजोरीलाई सच्याउदै लक्ष्य प्राप्ति गर्ने उदेश्य लिईनेछ।


पुँजीगत खर्च बढाउन माघभित्रै योजना सम्झौता

तातोपानी गाउँपालिका जुम्ला





## ३. मानबहादुर गोरिकला आवास निर्माण

तातोपानी गाउँपालिकाले गरेको अर्को उदाहरणिय र उत्कृष्ट काम थोरै बजेटमा निर्माण गरेको ***मानबहादुर गोरिकला निवास*** हो । भौतिक पूर्वाधार निर्माणमा मात्र जोड नदिई मानविय समस्या र आधारभुत आवश्यक्तालाई मध्यनजर गर्दै तातोपानी गाउँपालिका वडा नं ७ सर्मी निवासी दृष्टिविहिन दम्पति श्री मान बहादुर कुँवर र उनको श्रीमती गोरिकला तिरुवाका लागि दुई कोठे एक तलाको घर, शौचालय र खानेपानी धारा निर्माण गरिएको छ ।


राजधानी
दृष्टिविहिन दम्पती अब आफ्नै घरमा
नक्कली भुटानी शरणार्थी प्रकरण
'हाइप्रोफाइल' पत्रकै
भ्रष्टाचारविरुद्ध नयाँ लडाइँ सुरु भयो : प्रधानमन्त्री

वित्तिय समानिकरण अनुदान अन्तर्गत ७ नं वडा कार्यालयबाट चालु आ.व. २०७९।८० मा मानबहादुर गोरिकला आवास निर्माण का लागि रु दुई लाख विनियोजन गरिएको थियो । ७ नं वडा अध्यक्ष श्री तिलक रावतको प्रस्ताव र सहजिकरणमा दृष्टिविहिन दम्पति अहिले आफ्नै घरमा सुरक्षित तवरले वस्न पाएका छन् । यसका साथै गाउँपालिका अध्यक्ष नन्द प्रसाद चौलागाईज्युको पहल बाट दृष्टिविहिन दम्पतिलाई



गाउँपालिकाले पटक पटक खाद्यन्न सहित लत्ता कपडा सहयोग गरि सामाजिक र आर्थिक रुपले पछाडि परेका नागरिकहरुका लागि अविभावकको भूमिका निर्वाह गरिराखेको छ ।

## ४. तातोपानी टाईम्स र खादा मुक्त पालिका घोषणा

तातोपानी गाउँपालिकाले नयाँ जननिर्वाचित नेतृत्व पाए संगै छोटो समयमानै हेर्दा सामान्य लाग्ने तर महत्वपूर्ण थुप्रै नयाँ नयाँ कामहरु कार्यान्वय गर्दै आईरहेको छ । ति नयाँ काम मध्ये एक ***"तातोपानी टाईम्स लागु र खादा मुक्त पालिका घोषणा"*** रहेको छ । नेपालमा



हुने विभिन्न औपचारिक तथा अनौपचारिक कार्यक्रममा अतिथि र सहभागि स्वंय तोकिएको समयमा उपस्थित नहुनाले एकातर्फ कार्यक्रम प्रभावकारी नहुनु र अर्को तर्फ महत्वपूर्ण समयको बर्बादी भई कार्य सम्पादनमा असर पुग्ने देखिने भएकाले पालिकाले ११औं गाउँ सभाबाट तातोपानी टाईम्स लागु गरेको हो । हाल पालिकाले आयोजना गरेको कार्यक्रम तोकिएकै समयमा शुरु गर्ने र अन्य कुनै सरकारी तथा गैरसरकारी संघ संस्थाबाट संचालन हुने कार्यक्रममा तोकिएकै समयमा उपस्तिथि जनाउने काम पूर्णत कार्यान्वयनमा आएको छ ।

त्यसैगरि, अध्यक्ष ज्युको नेतृत्वमा अर्को महत्वपूर्ण काम पालिकालाई खादा मुक्त पालिका घोषणा र सो को कार्यान्वयन रहेको छ ।पालिकाको अनुत्पादक क्षेत्रमा हुने खर्च कटौतिलाई ध्यानमा राखि कुनै पनि अतिथि, विशिष्ट व्यक्ति पुरस्कृत तथा सम्मानित व्यक्तिलाई स्वागत र सम्मान स्वरुप खादा नलगाउने र पालिकको कुनै जनप्रतिनिधि वा कर्मचारी कार्यक्रममा सहभागि हुँदा खादा ग्रहण नगर्ने काम चालु आर्थिक वर्षको शुरुवाति बाटै लागु हुँदै आएको छ ।

## ५. प्रत्येक महिनाको दोस्रो शनिबार श्रमदान

तातोपानी गाउँपालिकाले प्रत्येक महिनाको दोस्रो शनिबार ***श्रमदान दिन*** घोषणा गरेको छ । गाउँ कार्यपालिकाको मिति २०७९।१२।२८ गते बसेको वैठकको निर्णयानुसार जनप्रतिनिधि, कर्मचारी, राजनितिक दलका प्रतिनिधि, नागरिक समाज लगायत स्थानीयहरुलाई पालिका स्तरिय कुनै पनि योजनामा श्रमदान गर्न आह्वान गरि श्रम संस्कृतिको विकास गर्न लागिपरेको छ । पछिल्ला दिनहरुमा सामान्य योजनामा समेत श्रमदान संस्कृति हराउदै गई बजेटमुखि योजना तर्फ मात्र केन्द्रित देखिन आएकाले सबैमा श्रमदान भावनाको विकास गरि कम लागतमा गुणस्तरिय काम गर्न र योजनामा अपनत्वको भावना जगाउन श्रमदान





दिन घोषणा गरिएको हो । सोहि अनुरुप २०८० वैशाख महिनाको ९ गतेका दिन प्राकृतिक विपद् बाट क्षति पुगेको तातोपानी गाउँपालिका वडा नं ३ लिताकोट स्थित ताहा (राकाँ लिताकोट) सिचाई कुलो गाउँपालिका अध्यक्ष लगायत सम्पुर्ण जनप्रतिनिधि र कर्मचारीहरु सहित करिब ५० जनाको सक्रिय सहभागितामा माटो पन्छाउने र ड्राई वाल लगाउने काम सम्पन्न गरिएको हो । यस अभियानलाई निरन्तरता दिई सामाजिक एंव आर्थिक क्षेत्रको विकासमा महत्वपूर्ण योगदान दिने लक्ष्य लिईएको छ ।


तातोपानीमा निःशुल्क श्रमदान




## ६. गिडिदह सम्मेलन



corepati.com
राज्यवाट गुमनाम गिडिदहमा पहिलो पटक सरकारी टोली

जुम्लाका ८ वटा स्थानीय तह मध्य तातोपानी गाउँपालिका पर्यटकिय एंव धार्मिक हिसाबले महत्वपूर्ण र आर्थिक संभावना बोकेको पालिका हो । जुम्ला जिल्लाकै सबैभन्दा ठुलो ताल गिडि दह, तातोपानी धारा, बाबिरा मष्ट, लछाल कृति पैकला दरबार, लाछु ज्युलो, गुरु फोक्टो आदि यहाँका महत्वपूर्ण धार्मिक तथा पर्यटकिय स्थलहरु हुन । यिनै पर्यटकिय क्षेत्रहरुको उचित संरक्षण, प्रवर्द्धन र प्रचार प्रसारका




माध्यमबाट आन्तरिक एंव बाह्य पर्यटकको संख्यामा वृद्धि गरि आर्थिक रुपमा सबल पालिका निर्माणमा गाउँपालिका तत्पर छ । यसै कुरालाई मध्यनजर गर्दै २०७९ असोज ६ देखि ८ गते सम्म तातोपानी गाउँपालिका वडा नं ४ को आयोजनामा सोहि वडामा अवस्थित गिडि दहको छेउमा ***गिडिदह सम्मेलन*** सम्पन्न गरिएको हो । उक्त सम्मेलनमा जनप्रतिनिधि, कर्मचरी, पत्रकार, नागरिक समाज र पर्यटन व्यवसायमा संलग्न व्यक्तिहरुको उपस्थिति रहेको थियो । सो सम्मेलन पछि गिडिदहले स्थानीय तथा राष्ट्रिय स्तरका पत्रपत्रिकामा छाउने अवसर प्राप्त गर्यो भने हाल उक्त तालको एकिन क्षेत्रफल नाप र अन्य पर्यटनमैत्री संरचना निर्माणका लागि गाउँपालिकाले योजनाहरु बनाउदै अगाडि बढेको छ ।



गिडिदहमा पर्यटक भित्र्याउन पूर्वाधारकै खाँचो

सोहि वडाका वडा अध्यक्ष श्री अमर बहादुर रोकायाको समन्वय र सहजिकरणमा सम्मेलन सफलताका साथ सम्पन्न भएको छ ।

## ७. गाउँपालिका अन्तर्गतका कार्यालय र विद्यालयमा डिजिटल हाजिर जडान

कर्मचारी र शिक्षकहरुको कार्यालयमा नियमितता गर्न र आफ्नो जिम्मेवारी प्रति पूर्ण वफादार बनाई प्रशासनिक सुधारमा एक ईट्टा थप गर्न मिति २०७९ मंसिर १६ गतेबाट गाउँपालिकाको कार्यालय र त्यसपछि क्रमश ८ वटै वडा कार्यालहरमा डिजिटल हाजिर जोडि कार्यान्वयनमा ल्याईएको छ । त्यसैगरि, हाल तातोपानी गाउँपालिका भित्र रहेका ८ वडा माध्यमिक विद्यालय र ४ वटा स्वास्थ्य संस्थामा समेत डिजिटल हाजिर जोड्ने काम सम्पन्न भईसकेको छ ।



कार्यालयमा डिजिटल हाजिर प्रयोगमा आए देखि कर्मचारीहरुको नियमिततामा वृद्धि हुनुका साथै कार्यालय समयावधिभर कार्यालयमै कार्य सम्पादनमा व्यस्त रहेको पाईएको छ । जसका कारण सेवा प्रवाह समयमै हुनुका साथै कर्मचारीले आफ्नो जिम्मेवारी र कर्तव्य ईमान्दारिताका साथ पालाना गरेको पाईएको छ । तथापि प्राविधिक तथा अन्य विविध कारणवस सम्पुर्ण कर्मचारीलाई डिजिटल हाजिरको दायरा भित्र ल्याउन नसक्दा



यसको पूर्ण कार्यान्वयनमा केहि चुनौति अवश्य थपिएको छ जसलाई आगामि दिनमा सुधार गरेर लैजाने प्रयास गरिएको छ । गाउँपालिका बाट हुने सेवा प्रवाहलाई चुस्त दुरुस्त राख्न र कामचोर प्रवृतिलाई अन्त्य गर्नका लागि जडान गरिएको डिजिटल हाजिर प्रभावकारी देखिएको छ ।

## ८. लाउरी रावल पुनर्स्थापना:

तातोपानी गाउँपालिका वडा नं ३ लिताकोटकि स्थायी निवासी लाउरी रावल मानसिक सन्तुलन गुमाई निजले सडक, कार्यालय तथा घरमा गर्ने असामान्य क्रियाकलापले घर परिवार लगायत अन्य मानिसलाई अप्ठ्यारो अवस्था सिर्जना गरेको थियो । एकातिर घरको आर्थिक



अवस्था कमजोर भएका कारण स्वंयले स्वास्थ्य उपचार गर्न नसक्ने र अर्कातिर निजका २ जना कलिला बालबालिकाहरुले आमाको माया पाउन बाट वञ्चित हुने अवस्था आएकाले गाउँपालिका अध्यक्ष श्री नन्द प्रसाद ज्युको अन्य सरकारी तथा गैरसरकारी निकाय संगको समन्वय र सहजिकरणमा उपचारको प्रवन्ध गरिएको थियो । गाउँपालिकाले जिल्ला प्रशासन कार्यालय र अन्य सरोकारवाला निकाय संगको समन्वय र सहजिकरणमा निजलाई पाटन अस्पताल काठमाण्डौमा उपचार गराई निजलाई आफ्नै घरमा पहिलेकै अवस्थामा फर्काउन सफल भएको छ । यस अघि जुम्लामै रहेको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा समेत उपचारको प्रबन्ध मिलाई उपचार भएपनि पर्ण रुपमा स्वस्थ हुन नसकेकाले थप उपचारका लागि जिल्ला बाहिर पठाईएको थियो । हाल लाउरी रावल पुर्ण रुपमा निको भई सामान्य अवस्थामा आफ्नो परिवारका साथ घरमा वसेकी छिन् । गाउँपालिकाले पटक पटक चामल, नुन र तेल सहयोग गर्दै आईरेहेको छ भने उक्त वडाका वडा अध्यक्ष श्री गोकर्ण रावलको आर्थिक सहयोगमा निजका दुई जना छोरछोरीलाई विद्यालय युनिफर्म सहयोग गरिएको छ ।

## ९. विपद बाट क्षतिग्रस्त सडकको तत्काल मर्मत संभार

गत वर्षको असोज महिनाको १९ गते परेको अविरल वर्षाका कारण तातोपानी गाउँपालिका अन्तर्गत ८ वटै वडाहरुका विभिन्न सडक खण्ड आंशिक तथा पूर्ण रुपमा क्षेति पुग्नुका साथै सिचाई कुलो र केहि घरहरु समेत भत्किन पुगे। विशेष गरि ७ र ८ नं वडा का विभिन्न सडक भत्किन गई खाद्यन्न ढुवानी लगायत मानिसलाई आवत जावतमा कठिनाई



सिर्जना हुन गएकाले तत्कालै बसेको गाउँकार्यपालिकाको वैठकले उक्त स्थानहरुमा सडक खुलाउने निर्णय गर्यो। सोहि निर्णय बमोजिम निम्नानुसारका सडकहरुको तत्काल मर्मत संभार गर्ने काम सम्पन्न गरिएको हो। उक्त सडक तथा सिचाई कुलो मर्मत संभार गर्न करिब ५० लाख बजेट खर्च भएको छ। विपद् पश्चात भत्किएका सडक पुनर्निर्माण पछि मानिसहरुको दैनिक जनजीवन सहज बनेको छ।






| क्र.स. | सडक खण्ड | वडा नं |
|---|---|---|
| १ | सर्मी-सुर्की-कयरकोट-ताम्ति सडक | ७ |
| २ | डुङ्ग्री-टोप्ल-मुछालदेउ सडक | ८ |
| ३ | राँका-तरापि सडक, खाल्मी सिचाई कुलो मर्मत | १ |
| ४ | हियाँखोला सडक | ६ |
| ५ | लिताकोट-गोठी सडक | ३ |
| ६ | घट्टेघाट-गिडिखोला-पाण्डेवाडा नियापानी सडक, चुम्लासाँगु गौतमवाडा सडक | ४ |
| ७ | थारमारे दिलौरी सडक, लाम्रा सिचाई कुलो, करेखोला खानेपानी मर्मत | ५ |

## १०. पालिकाको आफ्नै गान र लोगो

पालिकाको आफ्नो छुट्टै ***पालिका गान र लोगो*** मार्फत पालिकाको चिनारी तथा परिचयलाई थप बढवा दिई प्राकृतिक, सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक क्षेत्रहरुको प्रवर्द्धनका निम्ति गाउँ कार्यपालिकाको मिति २०७९ माघ १६ गते वसेको वैठकले पालिका गान र लोगो निर्माण का लागि सार्वजनिक सूचना आह्वान गर्ने निर्णयानुसार जम्मा १०/१० जना रचनाकार र डिजाईनरले पालिका गान र लोगो पेश गरेका थिए।



"पालिका गान"

चन्दननाथ पुर्वपट्टि, पश्चिम तिला किल्ला छ,
उत्तर हिमा, सिंजा, दक्षिण, जाजरकोट जिल्ला छ।
साविकहाँकु ताम्तिभित्र, जलजंगलको खानी,
जिउलातिर मार्सि फल्छ, विचमा तातोपानी।

ठाउँअन्सारको चालचलन, खषभाषाको बोली,
हाम्रैठाउँको जडिबुटी, त्यै ओत्ताको गोली।
अल्कापाटन सुनबुकि, गैरा बस्ती खेति,
स्याउ, सिमि, ओखरको सम्भावना त्यति।

पैकेलाको जन्मभुमि, बलिराजको राजधानी,
इतिहासको भण्डार हाम्रो जोगाईराखौं सबजानी।
मष्टो पित्त कुलदेवता, माईमालिका पुज्दछौं,
वीरसहिदको सम्मानगर्छौं, आपसमा जुट्दछौं।

उक्त पेश हुन आएका गान र लोगो माथि अध्ययन गरि सिफारिस समितिले एक एक वटा उत्कृष्ट पालिका गान र लोगो छनौटका लागि सिफारिस गरे बमोजिम २०७९।१२।२८ गते बसेको गाउँ कार्यपालिकाको वैठकले पालिका गान र लोगो स्विकृत गरेको थियो। पालिका गान र लोगो बनाउने तातोपानी गाउँपालिका जिल्लाकै पहिलो पालिका बनेको छ। पालिका गानमा ऐतिहासिक धार्मिक, प्राकृतिक, सांस्कृतिक तथा पर्यटकिय क्षेत्रहरु समेटि रचना गरिएको छ। त्यैगरि, लोगोमा नेपालको नक्सा, भुरिचुल्ला, गाउँपालिकाको नक्सा, धार्मिक स्थल प्रतिनिधित्व गर्ने मन्दिर, पञ्चेबाजा, तातोपानी धारा,तिला नदि, लाछु ज्युलो, मार्सी धान, ८ वटा स्याउ मार्फत फलफूल उत्पादन र ८ वटा वडाको प्रतिनिधित्व, महिला र पुरुषको हातले समानता झल्काउने र गाउँपालिकाको नाम र स्थापना मिति समेटि प्राप्त भएको डिजाईनलाई पालिका लोगोको रुपमा स्विकृत गरिएको छ।

## ११. वृहत निशुल्क स्वास्थ्य शिविर

तातोपानी गाउँपालिका ले नयाँ जनप्रतिनिधि पाए लगत्तै पहिलो प्रथामिकता शिक्षा स्वास्थ्यले पाएको छ भने अन्य भौतिक निर्माणमा पनि विशेष जोड दिदै आएको छ। यातायात र विशेषज्ञ डाक्टरहरुको




पहुँच बाट टाढा रहेका ७ र ८ नं वडाका सम्पुर्ण नागरिकहरुका लागि जनता संग अध्यक्ष कार्यक्रम मार्फत दुई दिने ***वृहत निशुल्क स्वास्थ्य शिविर*** संचालन सम्पन्न गरिएको छ। तातोपानी गाउँपालिका वडा नं ७ स्थित स्वास्थ्य चौकी लामावगर मा २०७९ चैत्र १० देखि ११ गते सम्म कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा कार्यरत विभिन्न विशेषज्ञ डाक्टरहरुद्धारा सेवा प्रदान गरिएको थियो। उक्त शिविरमा वृद्धवृद्धा सहित महिला र पुरुष गरि जम्मा ४०५ जनाले स्वास्थ्य सेवा प्राप्त गरेका थिए। जसमध्ये २० जनाले भिडियो एक्सेरे र ३ जनाले माईनर अप्रेसन सेवा लिएका थिए। सोहि शिविरमा प्रसुति सेवा लिन आएकि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा रिफर गरिएकि एक जना गर्भवति महिलालाई गाउँपालिकाले निशुल्क एम्बुलेन्स सेवा दिएको थियो। हाल गाउँपालिकाले वृद्धवृद्धा, गर्भवति महिला र अपाङ्गता भएका नागरिकहरुका लागि निशुल्क एम्बुलेन्स सेवा प्रदान गर्दै आईरेहेको छ।





दुर्गम भेरीखोलामा बृहत्त निशुल्क स्वास्थ्य शिविर : पहिलो...
karnalipostdaily.com

अहिले सम्म गाउँमा उचार गर्न कोहि आया छियानुन। अध्यक्षलेनै डाक्टर ल्याईकन आया थाहा पाएपछि उपचार गर्न आए निकै खुसी लागेको बताईन्। रामकलीजस्तै तातोपानी ७ र ८ का सयौं नागरिक गाउँमै विशषज्ञ डाक्टरबाट उपचार पाउँदा खुसी भएका छन्।

तातोपानीका अध्यक्ष नन्दप्रसाद चौलागाईले दुर्गम भेरीखोला क्षेत्रका नागरिकको माग र समस्यालाई मध्यनजर गर्दै निशुल्क शिविर संचालन गरिएको बताए। उनले भने,"शिविरको पहिलो दिन नागरिकको उत्साहजनक सहभागिताले स्वास्थ्य शिविरको औचित्य पुष्टि गर्यो। "जनतासंग अध्यक्ष

## १२. महिला स्वास्थ्य सेविकालालई मोबाईल वितरण

गाउँपालिकामा रहेका महिला स्वास्थ्य स्वंय सेविकाको प्रोत्साहन स्वरुप स्वास्थ्य शाखाले सिम कार्ड सहित मोबाईल वितरण गरेको छ। पालिकाको ८ वटा वडामा निरन्तर सेवा प्रवाह गर्दै आईरहेका जम्मा ६७ जना मध्ये ६६ जना महिला स्वास्थ्य स्वयं सेविकालाई गाउँपालिका अध्यक्ष श्री नन्द प्रसाद चौलागाईले सिम कार्ड सहितको मोबाईल हस्तान्तरण गर्नुभएको हो।



लाम्रा स्वास्थ्य चौकी अन्तर्गत १५ जना, हाँकु स्वास्थ्य चौकी अन्तरगत १२, तातोपानी स्वास्थ्य चौकी अन्तरगत २६ र ताम्ति स्वास्थ्य चौकी अन्तरगत २४ जना रहेका महिला स्वास्थ्य स्वय सेविकालाई मोबाईल वितरण गरिएको हो। संचार सेवामा पहुँच वृद्धि गरि स्वास्थ्य सेवामा प्रभावकारीता ल्याउन स्वंय सेविकालाई मोबाईल वितरण गरिएको हो। गाउँपालिकाको वडा नं १ देखि ६ सम्मकालाई २०७९ चैत्र ७ गते गाउँपालिका कार्यालयको प्राङ्गणमा र ७ र ८ नं वडाका महिला स्वास्थ्य स्वय सेविकालाई २०७९ चैत्र १० गते स्वास्थ्य चौकी लामावगरमा वितरण गरिएको थियो। महिला स्वास्थ्य स्वंय सेविका बिमारीको सबैभन्दा छिटो र नजिकै भेटिने भएको हुँदा जटिल प्रकारका बिमारीको अवस्था स्वास्थ्यकर्मीलाई बताउन तथा पालिकालाई चाहिने आवश्यक तथ्यांक टिपाउन मोबाईल सेवाले प्रभावकारी भुमिका निभाउने विश्वास लिईएको छ। साथै यसले स्वास्थ्य सेवा प्रवाहलाई चुस्त दुरुस्त राख्न मदत पुग्नेछ।



## १३. प्रत्येक चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम

नेपालको संविधान वमोजिम गठित स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार हो। सरकाले दिने सेवा प्रवाह जनमुखि र परिणाममुखि हुनैपर्छ। यतिमात्र नभई सरकारले गरेका कार्य सम्पादन र सेवा प्रवाह के कस्तो छ भन्ने कुराको जानकारी जनतालाई दिनुपर्ने दायित्व र कर्तव्य पनि सरकारकै हो। यहि कुरालाई मध्यनजर गर्दै पालिकाले चालु आर्थिक बर्षमा दुई वटा ***चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम*** सम्पन्न गरिसकेको छ। पहिलो सार्वजनिक सुनुवाई २०७९ पौष १४ गते र दोस्रो चैत्र ७ गते गाउँपालिका कार्यालय प्राङ्णमा सम्पन्न गरेको हो।



उक्त कार्यक्रममा गाउँपालिकाले दिने सेवा, सेवा लिदा लाग्ने समय र दस्तुर, शाखा बाट कार्य सम्पादन भएका कामहरुको प्रगति विवरण प्रस्तुत गर्ने काम भएको छ। कार्यक्रममा सहभागि बाट उठेका जिज्ञासाको सम्बोधन र सुझावका रुपमा पेश हुन आएका सवालहरुलाई गाउँपालिकाले ग्रहण गर्दै अगाडि बढेको छ।



पारदर्शिता, जवाफदेहिता कायम राख्दै जनताप्रति उत्तरदायि हुन सरोकारवालाहरुको सक्रिय सहभागितामा सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिँदै आएको छ। आगामि आर्थिक बर्ष बाट गाउँपालिका अन्तर्गत सम्पुर्ण कार्यालयहरुलाई सार्वजनिक सुनुवाई कार्यक्रम गर्न लगाई प्रभाकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ।

## १४. जेष्ठ नागरिकलाई न्यानो कपडा वितरण

नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता वितरण मार्फत वृद्धवृद्धालाई सामाजिक सुरक्षा प्रदान गर्दै आईरहेको छ। आश्रित जनसंख्याको रुपमा रहेका जेष्ठ नागरिक विशेषत शारिरीक, आर्थिक रुपमा कमजोर हुने र सामाजिक वञ्चितिकरणमा पर्दै आएका छन्। उनिहरुको संरक्षण र



सुरक्षाका लागि स्थानीय सरकार पनि उत्तरदायी रहने भएकाले पालिकाको विकट वडाका रुपमा रहेका ७ र ८ नं वडाका ६० वर्ष भन्दा माथिका १९८ पुरुष र १७१ महिला गरि जम्मा ३६९ जना जेष्ठ नागरिकलाई ***जनता संग उपाध्यक्ष कार्यक्रम मार्फत न्यानो कपडा*** स्वरुप जकेट र स्विटर वितरण गरिएको हो। तत्कालिन प्रमुख जिल्ला अधिकारी श्री मुकेश कुमार केशरी, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, सुरक्षा निकायका प्रमुख तथा पत्रकारहरुको उपस्थितिमा २०७९ चैत्र ११ गते जकेट वितरण कार्यक्रम सम्पन्न गरिएको छ। जुम्ला हिमाली जिल्ला भएको र चिसो हावापानीका कारण बाह्रै महिना न्यानो कपडा आवश्यकता पर्ने भएकाले जेष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण गरिएको हो। त्यसैगरि वडानं २,३ र ६ मा साठी वर्ष भन्दा माथिका नागरिकहरुलाई कम्बल, ज्याकेट र मफलर वितरण गरिएको छ। गाउँपालिकाले यस्ता सामान्य सहयोगले जेष्ठ नागरिहरुको मुहारमा खुशि थप्ने प्रयास गरेको छ।



१३० ज्येष्ठ नागरिकलाई न्यानो कम्बल

जुम्ला, २ फागुन (कास): तातोपानी गाउँपालिका-२ का १ सय ३० जना ज्येष्ठ नागरिक तथा एक महिलालाई न्यानो कम्बल वितरण गरिएको छ। जुम्लामा फागुन लागे पनि चिसो कायमै रहेकाले राहतका लागि २ नम्बर वडाका पाँच गाउँका १ सय ३० जना वृद्धवृद्धालाई न्यानो कम्बल वितरण गरिएको हो।

३० जना ५९ बर्षमुनिका एकल महिला र १ सय जना ६८ वर्षमाथिका ज्येष्ठ नागरिक गरी १ सय ३० जनालाई न्यानो कोरियन कम्बल वितरण गरिएको तातोपानी गाउँपालिका-२ का वडाध्यक्ष चन्द्रमान बुढाले बताए। उनले भने, "वडामा भण्डै साढे २ सय बढी ज्येष्ठ नागरिक छन्। बजेट अभावले पहिलो चरणमा १ सय ३० जनालाई वितरण गर्‍यौं। अर्को वर्ष बाँकी ज्येष्ठ नागरिकलाई न्यानो कपडा प्रदान गरिने छ।"

गाउँपालिकाको लक्षित वर्ग उत्थान कार्यक्रमअन्तर्गत ज्येष्ठ नागरिक एकल महिलालाई न्यानो कम्बल वितरण गरिएको तातोपानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत तीर्थबहादुर कठायतले बताए। उनका अनुसार जुम्लामा चिसो कायमै रहेको र बुढापाकालाई बाह्रै महिना न्यानो कम्बलले राहत दिलाउने आशा गरिएको छ। २ नम्बर वडाको लक्षित वर्ग कार्यक्रमअन्तर्गतको दुई लाख बजेटमा न्यानो कम्बल वितरण गरिएको हो।

न्यानो कम्बल पाउँदा खुसी हुँदै यो हिउँद जान लागे पनि अर्को हिउँद न्यानो कम्बलले कटाउने ज्येष्ठ नागरिक राजु बुढाले बताए। ज्येष्ठ नागरिकलाई स्थानीय सरकारले विभिन्न कार्यक्रममार्फत् सम्मान गर्दै आएकोमा धन्यवाद दिए। ७० वर्षीय राजुजस्तै वडाले न्यानो कम्बलले दिँदा तातोपानी-२ स्थित जर्मी, बाबिरा, बाडिबाडा, सुन्दरगाउँ र गोप्थाडाका १ सय ३० जना ज्येष्ठ नागरिक, एकल महिला खुसी भएका छन्।

## १५. निशुल्क स्वास्थ्य विमा कार्यक्रम

जनता संग अध्यक्ष कार्यक्रम अन्तर्गत तातोपानी गाउँपालिकाले ***निशुल्क स्वास्थ्य बिमा कार्यक्रम*** लागु गरेको छ । गाउँपालिका भित्रका ८ वटै वडाका अति विपन्न तथा विपन्न नागरिकहरुका लागि यो कार्यक्रम लागु गरिएको हो ।

चालु आर्थिक बर्ष २०७९।८० मा रु १५ लाख रुपैया विनियोजन गरि ८ वटै वडामा बिमा सहजकर्ताको माध्यमबाट अति विपन्न नागरिकका लागि रु ३ हजार ५ सय र विपन्न नागरिकका लागि रु २ हजारका दरले निशुल्क बिमा लागु गरिएको हो । गत आर्थिक बर्षमा समेत लागु भई कार्यान्वयनमा आएको यस कार्यक्रमलाई यस आर्थिक बर्षमा पनि निरन्तरता दिईएको हो ।




यस कार्यक्रम बाट आर्थिक अवस्था न्युन भएका नागरिहहरुले सजिलै उपचार प्राप्त गरि स्वास्थ्य सेवामा पहुँच पुग्ने विश्वास लिईएको छ । स्वास्थ्य बिमा कार्ड प्राप्त गरेका बिमारीहरुले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान लगायत अन्य अधिकार प्राप्त स्वास्थ्य संस्थामा १ लाख ५० हजार सम्मको निशुल्क उपचार पाउनेछन् । यस प्रकारका जनता संग प्रत्यक्ष जोडिएका कार्यक्रमले कसैले उपचार नपाएकै भरमा मृत्युवरण गर्नुपर्ने छैन । यस कार्यक्रम बाट अघिल्लो बर्ष बिमा गरिएका घर परिवारहरुको बिमा नविकरण गरिएको छ । हालसम्म जनता संग अध्यक्ष कार्यक्रम अन्तर्गत निशुल्क बिमा कार्यक्रम मार्फत आठ वटा वडाका करिब १५०० जना लाभान्वित भएका छन् ।

## १६. औद्योगिक ग्राम स्थापना


तातोपानी गाउँपालिका वडा नं ४ मा जिल्लाकै पहिलो औद्योगिक ग्राम स्थापना हुने भएको छ । मुलुकका आठ स्थानमा औद्योगिक ग्राम बनाउने सरकारको निर्णयानुसार गाउँपालिकाको वडा नं ४ स्थित रातेखोलामा औद्योगिक ग्राम बन्ने भएको छ । अध्यक्ष लगायत जनप्रतिनिधिको सक्रियताका कारण औद्योगिक ग्राम बन्ने पक्का भएको हो । स्थानीय स्रोत साधनको अधिकतम परिचालन गरी गाउँमै रोजगारी सिर्जना गर्ने र आर्थिक रुपमा सबल पालिका निर्माण गर्ने उद्देश्यले ग्राम स्थापनाका लागि पहल गरिएको हो ।


विकास

तातोपानीमा औद्योगिक ग्राम बन्ने

रोजगारी सिर्जनाको आशा

औद्योगिक ग्राम स्थापना भए पश्चात कृषि वस्तु र जटिबुटीको प्रशोधन गरिने र सबैखाले साना उद्योग एकै स्थानमा संचालन हुने गरि ४ फाल्गुनमा बसेको प्रधानमन्त्री तथा मन्त्रीपरिषदको वैठकले तातोपानी गाउँपालिकामा औद्योगिक ग्राम स्थापनाका लागि निर्णय गरेको हो ।



औद्योगिक ग्राम स्थापनाका लागि ४ नं वडाले आवश्यक जग्गाको व्यवस्था गरिसकेको छ । यसको स्थापना र संचालन पश्चात स्थानीय कच्चा पदार्थको सदुपयोग हुने स्थानीयमा आर्थिक अवस्था सुधार हुने अपेक्षा लिईएको छ । औद्योगिक ग्रामको दिगो संचालन र व्यवस्थापनका लागि गाउँपालिकाले सक्रिय भूमिका निर्वाह गर्नेछ ।


## १७. बाढी पिडितलाई तत्काल राहत वितरण



rajdhanidaily.com

जुम्लाको तातोपानीका बाढी पहिरो पिडितलाई राहत प्रदान : RajdhaniDaily.com

गत असोज महिनामा परेको अविरल वर्षाका कारण बाढी पहरोले देशव्यापी जनधनको ठुलो क्षति भयो । त्यस प्रकारको प्राकृतिक विपद् बाट तातोपानी गाउँपालिका पनि अलग रहन सकेन । साविकको ताम्ति गाविस र हाल ७ र ८ नं वडाका विभिन्न वस्तिहरुमा पहिरोका कारण सडक अवरुद्ध हुन पुग्दा खाद्यन्न लगायत अन्य आधारभुत आवश्यक्ताका सामाग्रीहरुमा ढुवानी गर्न असहज परिस्थिति सिर्जना हुन गई मानविय जनजिवन कष्टकर बनेको थियो । आठ वटै वडाहरुमा ग्रामिण सडक, पुल पुलेसा, गोरेटो बाटो, मन्दिर, घट्ट, विद्यालय, स्वास्थ्य चौकी लगायत निजि घरहरुमा व्यापक क्षेति पुग्न गयो । त्यसैगरि मार्सीको उर्बर भुमिको रुपमा परिचित लाछु ज्युला लगायत अन्य जिउलाहरु वगरमा परिणत हुन पुगे । धान भित्र्याउनै लाग्दा आईपरेको विपद्का कारण आर्थिक अवस्था न्युन भएका नागरिकहरुका लागि दैनिकि जीवन गुजारा गर्न कठिन हुन गयो । तत्काल गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिकहरुको सक्रियतामा सडक खुलाउने प्रयास गर्नुका साथै अन्य क्षेति हुन पुगेका निजि तथा सार्वजनिक संरचनाहरुको पुनःनिर्माण र मर्मत संभारमा जोड दिईयो । घरबार विहिन र न्युन आय स्रोत भएका नागरिकहरुलाई तत्काल लत्ता कपडा, खाद्यान्न लगायतका राहत सामाग्री वितरण गरिएको थियो । पालिका भित्र बाढी पहिरो र अविरल बर्षाले घरमा पुर्ण क्षति भएका कुल ६४ परिवारलाई राहत स्वरुप १ प्याक चामल, ५ किलो दाल, दुई प्याकेट नुन तेल र सिरक डसना वितरण गरिएको थियो ।


जुम्लाको तातोपानीका बाढी पहिरो पिडितलाई राहत प्रदान...
rajdhanidaily.com

**जुम्ला ।** जुम्लाको तातोपानी गाउँपालिकाले बाढी पहिरो पिडितलाई राहत वितरण सुरु गरेको छ। तातोपानी गाउँपालिका भित्रका बाढी पहिरो पिडितलाई आज (असोज २ गते)बाट राहत वितरण सुरु गरिएको तातोपानी गाउँपालिकाका अध्यक्ष नन्द प्रसाद चौंलागाईले बताए ।

आज तातोपानी गाउँपालिका वडा नम्बर १,२,३ का बाढी पिडितलाई राहत स्वरुप सिरक,डसना,नुन,तेल , दाल र चामल दिइएको अध्यक्ष चौंलागाईले बताएका छन्। पालिका भित्र बाढी पहिरो र अविरल वर्षाले घरमा पुर्ण क्षति भएका कुल ६४ परिवारलाई राहत स्वरुप प्रति परिवार १ प्याक चामल,५ किलो दाल, दुई प्याकेट नुन तथा तेल, र १/१ सिरक डसना वितरण गर्न सुरु गरिएको उपाध्यक्ष रेवती रावलले जानकारी दिएकि छन्।


पालिकाभर ६४ परिवार बाढी र पहिरो बाट विस्थापित भएका छन्। तत्काल समस्या समाधान का लागि गाउँपालिकाले राहत प्रदान सुरु गरेको उपाध्यक्ष रावलले बताइन।

## १८. सुरक्षित आवास कार्यक्रम मार्फत ५१२ घरधुरी लाभावन्वित हुने

तातोपानी गाउँपालिका अन्तर्गत ८ वटै वडाहरुका माटोका छाना भएका ५१२ घरधुरी जस्तापाताको छानाले रङ्गिने छन् । गाउँपालिका अध्यक्ष श्री नन्द प्रसाद चौलागाई ज्युको समन्वय र सहजिकरणका कारण यस चालु आ.व. मा मात्र ५१२ घरधुरी माटा मुक्त छाना घर हुने भएका छन् ।



शहरी विकास मन्त्रालय अन्तर्गत सघन शहरी तथा भवन निर्माण आयोजनाको प्राविधिक सहयोगमा सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी लिएको छ भने स्थानीय तहले कार्यान्वयन गर्ने जिम्मेवारी छ । संघीय सरकारको आर्थिक सहयोगमा प्रति घरधुरीले रु ७५ हजारका दरले बाह्य सामाग्री खरिद गर्न र दक्ष कामदार वापतको रकम प्राप्त गर्नेछन् । गरिविको रेखामुनी रहेका, प्रकोपका कारण घरबार विहिन भएका घर परिवारहरुले सुरक्षित आवास निर्माणका लागि सो रकम प्राप्त गर्नेछन । गाउँपालिकाले आठ वटै वडाका गरिविका रेखामुनी रहेका र माटाका छाना भएका घरधुरीलाई चालु आर्थिक बर्षमा निर्माण हुने गरि जम्मा



५१२ घरधुरीलाई उक्त कार्यक्रमका लागि छनौट गरेको हो । हाल ५ नं वडाका कार्य सम्पन्न भएका १७ वटा मध्य १० वटा घर परिवारले अन्तिम भुक्तानी लिईसकेको अवस्था छ । त्यसैगरि मनसुजन्य विपदका कारण पूर्ण रुपमा क्षेति पुगेका घरको पुन निर्माण गर्नका लागि विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणमा सिफारिस गरिएका मध्य ४५ वटा घर पुननिर्माणका लागि स्विकृत भई निर्माणका चरणमा रहेका छन् । घर निर्माणका लागि प्रत्येक घर परिवारले रु ५ लाखका दरले रकम पाउनेछन ।

## १९. शैक्षिक क्षेत्र सुधारका लागि विद्यालय अनुगमन

शिक्षा, स्वास्थ्य र कृषिलाई पहिलो प्राथमिकता राखि ल्याईएको आ.व. २०७९।८० को बार्षिक बजेट, नीति तथा कार्यक्रम अनुसार तातोपानी गाउँपालिका अध्यक्ष श्री नन्द प्रसाद चौलागाई ज्युको नेतृत्वमा सामुदायिक विद्यालयहरुमा अनुगमन कार्य सम्पन्न गरेको थियो । विद्यालयको शैक्षिक, प्रशासनिक तथा भौतिक अवस्थाको यथार्थ बुझ्न तथा विद्यालयहरुमा हुने गरेका अनियमितता बारे जनगुनासो बमोजिम पालिका भित्रका २९ वटै सामुदायिक विद्यालयहरुको अनुगमन गरिएको हो । अनुगमन टोलिले विशेष गरि विद्यालयले नक्कली विधार्थी देखाई


अनियमितता रोक्न विद्यार्थीको 'टाउको' गन्दै तातोपानी गाउँपालिका


खाजा रकम र छात्रावृतिमा अनियमितता गरे नगरेको लगायत विद्यालयको खानेपानी, शौचालय, कक्षाकोठा, फर्निचर तथा विद्यार्थी शिक्षकको उपस्थिति संख्यालाई आधार बनाएर अनुगमन गरेको हो । सो अनुगमन गाउँपालिका अध्यक्ष लगायत उपाध्यक्ष श्री रेवति रावल, प्रमुख प्रशासकीय अधिकृत श्री तीर्थ बहादुर कठायत, शिक्षा शाखा प्रमुख श्री सुरत बहादुर शाही सहित अन्य सरोकारवाला निकायको सहभागितामा सम्पन्न गरिएको थियो । अनुगमनका क्रममा धैरै विद्यालयहरुको भौतिक तथा शैक्षिक अवस्था नाजुक रहेको र सामान्य मर्मत संभार पनि गर्न नसककेको अवस्था पाईएको थियो । त्यसैगरि विद्यार्थीहरुको संख्यालाई समेत बढाएर राखेको पाईएको थियो । अनुगमन पश्चात सम्पुर्ण विद्यालयहरुलाई कमि कमजोरि तत्काल सुधार गर्नुपर्ने भनि निर्देशन दिई शैक्षिक सुधारका गर्न आगामी दिनमा योजना तर्जुमा गर्न सहयोग पुग्ने हेतुले यतार्थ तथ्यांक संकलन गर्ने काम सम्पन्न गरिएको छ ।

## २०. विभिन्न ऐन नियम निर्माण

कानून बिनाको समाजको परिकल्पना गर्न सकिदैन । कानूनले मान्छेको व्यवहारलाई नियन्त्रण मात्र गर्दैन जनताको हक अधिकार सुनिश्चित गर्छ । कानून बिना कुनै पनि सरकारले आफ्ना काम अगाडि बढाउन नसक्ने र सरकारले




लिएका लक्ष्य उदेश्य प्राप्तिका लागि पनि कानूनको आवश्यक्ता पर्ने भएकाले तातोपानी गाउँपालिकाले चालु आ.व. मा विभिन्न १४ वटा ऐन, नियमावली, कार्यविधि तथा रणनितिक योजनाहरु निर्माण गरि कार्यान्वयनमा ल्याएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम बनेको तातोपानी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि स्थानीय कानूनहरु निर्माण गरिएको छ। त्यसैगरि शिक्षा ऐन र नियमानवली संशोधन समेत गरेको छ । तातोपानी गाउँपालिकाको सामाजिक समावेशिकरण नीति २०७८, तातोपानी धारा व्यवस्थापन तथा संचालन कार्यविधि-२०७९, गाउँपालिकाको स्थानीय पूर्वाधार मर्मत सम्भार कोष




तथा कार्य संचालन कार्यविधि, स्थानीय पूर्वाधार विकास आयोजना संचालन कार्यविधि २०७९ लगायतका स्थानीय कानूनहरु निर्माण गरि कार्यान्वयनमा ल्याईएको छ ।

